# स्थानीय राजपत्र

## भीमदत्त नगरपालिकाद्धारा प्रकाशित

७ नं. प्रदेश, महेन्द्रनगर,कञ्चनपुर, माघ २२ गते शुक्रवार, २०७४ साल संख्याः ६

भाग ३


## ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधी, २०७४

### १.परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम भीमदत्त नगरकार्यपालिकाले यो कार्यविधी बनाई लागू गरेकोछ ।

### २.परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

### ३.उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपता का लागी अनुसूची २ को ढांचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

### ४.लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार का साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

### ५.ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएकोछ :

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

### ६.परिचय-पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

### ७.ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा :

ज्येष्ठ नागरिक परिचय-पत्रको ढांचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ ।

### ८.परिचय-पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी वडा अध्यक्ष वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा नगरपालिका कार्यालय मार्फत वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

च) यस नगरपालिका वाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाण पत्र भएमा अनिवार्य रुपमा निजले वसाई सराई वा मतदाता परिचय पत्र पेश गर्नु पर्नेछ ।

छ) यस पूर्व महिला तथा वालवालिका कार्यालयवाट ज्येष्ठ नारिकहरुले प्राप्त गरेको परिचयपत्र यसै कार्यविधी बमोजिम भए गरेको हुनेछ ।

**९.विविध :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) नगरपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

अनुसूची १

# भीमदत्त नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,कञ्चनपुर

७ नं. प्रदेश, नेपाल

**ज्येष्ठ नागरिक परिचय-पत्र**

***Senior Citizenship Card***

kmf]6f]
***Photo***

प्र.प. नं :-

**Card No.**

नाम थर : ............................................ राष्ट्रियता

Name………………………… Nationality……………………….

ना.प्र.प.नं: .......... Citizenship No.

ठेगाना : जिल्ला ...................न.पा.: ................ वडा नं. ..... टोल/गाउं .........

Address……………District…………….Municipality…………..

Village ward No ……………….Tole/Village………..Province No.

उमेर: ........... लिङ्ग: ........... जन्म मिति .....................................................

Age ……………… Sex…………Date of birth ……………..

उपलब्ध छुट तथा सुविधाहरु : ...................................

Available Service………………………………

पति/पत्नी/छोरा/छोरी को नाम : .........................................................

Name of Wife/Husband/ Daughter/son…………………

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण: .......................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. :............................................

Name of caretaker, Contact No.

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम:........................

Blood Group …………..Diseases Name…………………….Name of drugs …………………………

प्रमाणित गर्ने :-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

भीमदत्त नगरपालिका

## अनुसूची २
## ज्येष्ठ नागरिक परिचय-पत्र अभिलेख विवरण

जिल्ला ................................... नगरपालिका ............................. वडा नं ..........प्रदेश.......................................

| सि. नं. | नाम,थर | जन्म मिति | बुवा/आमा को नाम,थर | वाजेको नाम,थर | पति/पत्नी को नाम,थर | संरक्ष को नाम, थर | ना.प्र.न. तथा जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचय पत्र नं तथा जारी मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>तयार गर्ने</u>
नाम,थरः
पद :

<u>प्रमाणित गर्ने</u>
नाम,थर
पदः

आज्ञाले

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

श्रीमद्भ नगरपालिका